फाल्गुनन्द गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फाक्तेप, पाँचथर
१ नं. प्रदेश नेपाल

प.सं. २०७८/७९
च.नं. 098

मितिः २०७८/०४/१७

श्री बहुक्षेत्रीय पोषण योजना कार्यन्वयन इकाई
प्रदेश नं. १ विराटनगर ।

**विषयः कार्यक्रमको फाइनल प्रतिवेदन पठाईएको वारे**

प्रस्तुत विषयमा फाल्गुनन्द गाउँपालिका को कार्यलय फाक्तेप, पाँचथर बाट आ.व. ०७७/०७८ को बार्षिक रुपमा सँचालन भएका बहुक्षेत्रीय पोषण कार्यक्रमको बार्षिक प्रतिवेदन यसै पत्रसाथ पठाईएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

..............................
राजेन्द्र भट्टराई
नि. प्रमुख प्रशासकीय अधिकृत
नि- प्रमुख प्रशासकिय अधिकृत

"समृद्ध फाल्गुनन्द: कृषि, पर्यटन, पूर्वाधार र सुसंस्कृत समाज"
फोन नं. ९८५२६८४३८४,९८५२६८४३८१,९८५२६८४३८२
E-mail:- ito.phalgunandamun@gmail.com

# बहुक्षेत्रीय पोषण योजना
# बार्षिक प्रगति विवरण
# आ.व. २०७७/०७८

प्रतिवेदन पेश भएको :
बहुक्षेत्रीय पोषण कार्यक्रम
प्रदेश नं. १ विराटनगर ।

फाल्गुनन्द गाउँ कार्यपालिकाको कार्यालय
फाक्तेप पाँचथर, १ नंम्बर प्रदेश

## १. परिचय

पाँचथर जिल्ला फाल्गुनन्द गाउँपालिका सहित बहुक्षेत्रीय पोषण योजना ३० जिल्लाका ३०८ वटा गाउँपालिका/नगरपालिकामा कार्यान्वयनमा रहेको छ । योजना संचालनमा रहेका गाउँपालिका/नगरपालिकामा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन सम्पन्न भई हाल सवै तहका समितिहरु क्रियाशील रहेको अवस्था छ । योजना लागु भएका वडाहरुमा पनि वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन गर्ने कार्य भईरहेको छ। गाउँपालिका र वडा तहका संरचनालाई क्रियाशील बनाई पोषण सम्बन्धी सामाजिक व्यवहारलाई अभिबृद्धि गर्न तथा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको चरणमा निरन्तर अघि वडिरहेको छ। यसको उद्धेश्य गाउँपालिका तथा वडा तहमा रहेको पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको पुर्नगठन, संचालन र नियमित बैठकहरुमा समावेस गर्नुपर्ने विषयबस्तूहरुको बारेमा जानकारी दिने का साथै स्वीकृत वजेटलाई सरोकारवालाकै क्षेत्रमा लक्षित समुहकेन्द्रित गरेर कार्यक्रम सँचालन सफलता पूर्वक सम्पन्न भईसकेको छ ।

## २. चालु आ.व.मा बहुक्षेत्रीय पोषण कार्यकम सघन तथा संक्षिप्त रुपमा कार्यान्वयन भएका भौगोलिक क्षेत्र

फाल्गुनन्द गाउँपालिको कार्यलय फाक्तेप पाँचथरको आ.व.०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गाउँ कार्यपालिकाको कार्यलयले निर्णय गरेवमोजिम विगत का आ.व.हरुमा यस गाउँपालिकाको वडा नं. १,३,५,६ मा सघन रुपमा कार्यक्रमहरु सँचालन भई सकेको छन भने वाँकीरहेको वडवहरु वडा नं. २,४,७ मा गत आर्थिक वर्षमा सघन रुपमा कार्यक्रम सँचालन भईसकेको तथा चालु आ.वमा गत आ.व.मा कार्यन्वयन हुन वाँकी रहेका वडाहरुमा सघन कार्यक्रमको रुपमा वडा कार्यलयहरुको सहकार्यमा सँचालन गर्नेगरी योजना तयारी गरी समयमै सम्पन्न भईसकेको छ ।

### ३. बहुक्षेत्रीय पोषण योजनाका क्रियाकलापहरुको समग्र स्थिति (काम सम्पन्न भएको, काम नभएको, काममा बाधा परेको) तथा विस्तृत मुल्यांकन, प्रगतिको सारांश

फाल्गुनन्द गाउँपालिका अन्तर्गत सन्चालन भएको वहुक्षेत्रीय पोषण योजना कार्यक्रमको समग्र स्थितिलाई हेर्दा कार्यक्रमको वार्षिक कार्ययोजना निर्माण को प्रकृया केहि ढिलागरी सुरुभएता पनि कार्यकम कार्यावयनको चरणमा अघि वडिरहेको अवस्थामा यस गाउँपालिकामा पनि विष्वभर फैलिएको माहामारी कोभिड १९ रोगको कारणले निर्धारित कार्ययोजनामा वाधा परेकोले कार्य निरन्तर अघि वढ्न नसके ता पनि गाउँपालिका स्तरीय अभिमुखीकरण कार्यक्रम तथा वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको वैठक र अभिमुखीकरण कार्यक्रम सँगै विषयगत शाखाका सवै कार्यहरु स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई समयमै सम्पन्न गरिएको छ ।

**मुख्य सिकाइहरु**

**कार्यक्रम सँचालन पूर्व विभिन्न विषयवस्तुहरुमा पूर्व तयारी योजना वनाउँदा कार्यक्रम कार्यान्वयनमा सहजता आउने रहेछ जस्तै:**

बैठकको पूर्वतयारी, सामाग्री व्यवस्थापन, सहजीकरणका रणनीतिहरु:

मुख्य विषयबस्तुहरु

कुपोषण :

नेपालमा कुपोषणको अवस्था :

प्रदेश तथा स्थानीय तह अनुसार कुपोषणको अवस्था

कुपोषणबाट हुने असर र दीर्घकालिन प्रभाव

कुपोषणका मुख्य कारण

क्षेत्रगत योगदान र मुख्य मुख्य क्रियाकलापहरु

गाउँपालिका तथा नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको संरचना

बहुक्षेत्रीय पोषण योजनाको मुलप्रबाहीकरण आदि

**कार्यक्रम सँचालनका गतिविधिहरु:**

| क्र.सं. | विवरण | इकाई | परिमाण | लक्षित वर्ग | खर्च भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिका स्तरीय पोषण तथा खाद्यसुरक्ष निर्देशक समितिको वैठक | पटक | १ | गाउँपालिका का सवै कार्यपालिका सदस्य तथा विषयगत शाखा प्रमुख हरु | १९०४६० | |
| २ | वडा स्तरीय पोषण तथा खाद्यसुरक्ष निर्देशक समितिको वैठक | पटक | ७ | वडा कार्यसमिति तथा वडाका विषयगत शाख | | |
| ३ | पोषण स्वयम सेवक निर्वाह भत्ता | पटक | १२ | पोषण स्वयम सेवक कर्मचारी | २५६५०० | |
| ४ | पोषण कर्नर स्थापना तथा फ्लेक्स वितरण तथा ढुवानी | स्थान | १५ | सवै वडाकार्यलय तथा सघन कार्यक्रम सँचालन भएका वडाका स्वास्थ्य चौकिहरुमा | २००२०० | |
| ५ | विपन्न वालवालिका,सुहदी परिवारमा पोषण झोला वितरण | सँख्या | १०० | सुनोला हजार दिनका परिवारमा | १३७८६० | |
| ६ | पोषण नाङ्लो सहित सुहदि सम्मान (पोषण नाङ्लो तथा खानेपानीको फिल्टर वितरण) | सँख्या | १९२ | सुनौला हजार दिनका आमाहरु | ३८८४८० | |



फाक्लेप, पाँचथर
१ नं. प्रदेश, नेपाल
२०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | कुपोषित वच्चाहरुलाई स्वास्थ्य चौकि(OTC सेन्टर) सम्म ल्याउने स्वयम सेविका, स्वास्थ्य कर्मी तथा यातायात र सँचार खर्च वितरण | पटक | १ | OTC सेन्टरमा काम गर्ने स्वास्थ्य कर्मी तथा स्वयम सेविका | २४००० | |
| ८ | OTC सेन्टरकोलागि आवस्यक सामाग्रीहरु व्यवस्थापन । | पटक | १ | OTC सेन्टर फाक्तेप स्वास्थ्य चौकि फाक्तेप पाँचथर | १००००० | |
| ९ | पोषण सामाग्री ढुवानी | पटक | १ | OTC सेन्टर फाक्तेप स्वास्थ्य चौकि फाक्तेप | २५००० | |
| १० | विद्यालयमा हात धुने कार्यक्रम तथा पालिका स्तरिय हाजिरी जवाफ प्रतियोगिता | पटक | १ | माध्यमिक विद्यालयका छात्र/छात्रा लक्षित | २००००० | |
| ११ | सुनौला हजार दिनका परिवारमा हात धुने वानी प्रवर्धन तथा माध्यमिक विद्यालयमा खानेपानीको फिल्टर वितरण कार्यक्रम | पटक | १ | सुहदि परिवार तथा विद्यालय | २००००० | |
| १२ | कृषि सम्वन्धि कार्यको लागि च्याउको विउ,प्लाष्टिक तथा हजारी वितरण साथै फलफूल, अन्नवाली र तरकारी वालीमा हुने पोषण खाद्यतत्व को जानकारी मुलक फ्लेक्स वितरण | पटक | १ | सुहदि परिवार तथा सार्वजानिक स्थलमा | ८४००० | |
| १३ | पशुपन्छी सम्वन्धि खोप कार्यक्रम का साथै पशुपन्छी सिविर कार्यक्रम सम्पन्न | पटक | ४ | सुनौला हजार दिन लगायत अन्य व्यवसायिक फर्महरु लक्षित कृषकहरुमा | ३१२५०० | |
| १४ | अनुगमन तथा निरीक्षण | पटक | २ | कार्यक्रम सँचालन भएको क्षेत्रहरुमा | ३०००० | |
| कुल जम्मा | | | | | २१,४९,०००.० | |

प्रतिवेदक
गोपाल प्रसाद घिमिरे
बहुक्षेत्रीय पोषण कार्यक्रम सँयोजक
फाल्गुनन्द गाउँपालिका, फाक्तेप पाँचथर